## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.१९/०८२/८३

आज मिति २०८३।०३।०७ गते आईतबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१९/०८२/८३ ( उन्नैसौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवविहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | रेशम लाल कँडेल | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विजय अधिकारी | अधिकृत, आर्थ | | |
| २. | [illegible] ठाकुर | सहायक स्तर, पाँचौं | | |
| ३. | प्रेम कुशवाहा | कार्यालय सहयोगी | | |
| | | | | |

प्रस्ताव नं.१ः प्रशासकीय भवनको ठेक्काको म्याद थप सम्बन्धमा ।

निर्णय नं.१ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कलैया उपमहानगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य ठेक्का नं. KSMC/NCB/WORKS-13-2078/79 को कार्यको म्याद थपको लागि गौर-५,रौतहटका निर्माण व्यवसायी चौधरी कन्स्ट्रक्सनले यस कार्यालयको दर्ता नं. १४५१० मिति २०८३/०१/०७ गतेको निवेदनबाट उक्त भवन निर्माण कार्य सम्पन्न गर्न जेनेरेटर तथा लिफ्ट नेपालमा नपाउने र विदेशबाट आउन समय लाग्ने भएको लगायत विविध कारणहरु देखाई ३ (तिन) महिना म्याद थपको लागि अनुरोध गरेकोमा निजले पेश गर्नुपर्ने परफरमेन्स वण्ड समेत पेश भएको देखिएको र निजले म्याद थपका लागि अनुरोध गरेको आधार र कारण तथा प्राविधिक शाखाबाट पेश भएको प्रतिवेदन सहितको सिफारिस मनासिव देखिएकोले उक्त कार्य सम्पन्न गर्नको लागि यस कार्यालयलाई थप आर्थिक भार दाबी नगर्ने गरि २०८३ श्रावण मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २.कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा कलैया उपमहानगरपालिकामा कृषि सामग्री/ यान्त्रिकरण अनुदान तथा सहायता वितरण सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ नगर सभामा पेश गर्ने विधेयक सम्बन्धमा।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा कलैया उपमहानरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ स्वीकृतिका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कलैया उपमहानगरपालिका अन्तर्गत वडा नं. २ निवासी सचितानन्द यादवलाई मृगौला प्रत्यारोपण गर्न रकम रू. २५०००/- (अक्षेरुपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

प्रमाणित

प्रस्ताव नं. ५ करारमा नियुक्ति गर्न विज्ञापन गर्ने सम्बन्धमा।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कलैया उपमहानगरपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम द्वारा वैदेशिक रोजगारमा गएका व्यक्ति, तिनका परिवारहरु तथा वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई वैदेशिक रोजगारका कारणबाट उत्पन्न हुनसक्ने मानसिक समस्यालाई सम्बोधन गर्न तोकिएको कर्मचारी भर्ना गर्न आवश्यक भएकोले **कलैया उपमहानगरपालिका सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम, २०८१ र कलैया उपमहानगरपालिकामा करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ (संशोधित)** बमोजिम र अन्य विषय सूचनामा उल्लेख भए अनुसार हुने गरी देहाय अनुसार विज्ञापन गर्ने निर्णय गरियो।

<u>देहाय</u>

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने, वैदेशिक रोजगारमा रहेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न तथा अन्य विभिन्न सचेतनामूलक कार्यहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्ति करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका र ईच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा प्रशासन शाखामा आवेदन पेश गर्न आव्हान गरिएको छ।

| विज्ञापन नं | रिक्त पद | संख्या | न्युनतम योग्यता, अनुभव र सीप |
|---|---|---|---|
| १०/२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविधालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह वा वि.एड. स्वास्थ्य शिक्षा, वा Post Graduate Diploma in Counselling उत्तीर्ण गरेको।<br>- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले स्वीकृत गरेको मनोसामाजिक परामर्श सम्बन्धी तालिम मोड्युल २०७७ जारी हुनु पूर्व तालिम प्राप्त गरेका उम्मेदवारको सन्दर्भमा कम्तीमा ६ महिने तालिम प्राप्त गरेको हुनु पर्ने।<br>- कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।<br>- मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी वैदेशिक रोजगारको क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ११/२०८२/८३ | रिटर्नी स्वयमसेवक | २ | -कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडी मुलुकमा गई कम्तीमा २ वर्ष काम गरी फर्किएको हुनु पर्नेछ।<br>-सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको हुनुपर्ने छ। |

**कार्य अवधिः** २०८४ असार मसान्तसम्म रहनेछ।तर आवश्यकता तथा कार्यसम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनौट गरिनेछ।
**आवेदन दस्तुरः** मनोसामाजिक परामर्शकर्ताको लागि रु १००० र रिटर्नी स्वयमसेवकको लागि रु ५००
**उमेरः** १८ वर्ष पुरा पुरा भई ४५ वर्ष ननाघेको।
**तलब तथा सुविधाः**

१. मनोसामाजिक परामर्शकर्ताका लागि सहायक पाँचौ तह सरह
२. कार्यालयको सम्झौता वा नियमानुसार

**पेश गर्नुपर्ने कागजातहरुः**

**१. मनोसामाजिक परामर्शकर्ताका लागि**

स्पष्ट पद सहितको निवेदन पत्र, दरखास्त फाराम, व्यक्तिगत बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रतिलिपी र तालिम प्रमाण पत्रको प्रतिलिपी तथा सेवा सँग मिल्ने अन्य कागजातहरुको स्व-प्रमाणित प्रतिलिपीहरु।

**२. रिटर्नी स्वयमसेवकका लागि**

स्पष्ट पद सहितको निवेदन पत्र, दरखास्त फाराम, राहदानीमा Departure तथा Arrival को छाप लागेको प्रमाणको प्रतिलिपी, श्रम स्वीकृति भएको प्रमाणको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्रको प्रतिलिपी र तालिम तथा कार्य अनुभवको प्रमाणको प्रतिलिपी तथा सेवा सँग मिल्ने अन्य कागजातहरुको स्व-प्रमाणित प्रतिलिपीहरु

**परीक्षा मिति-** पछि प्रकाशन हुनेछ।

**छनौट प्रकृयाः** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षा प्रकृयामा समावेश गरिनेछ र समावेशी भर्ना प्रकृया अवलम्वन गरिनेछ।

दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रको कार्यालय समयमा। यदि दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिन पछाडी कार्यालय खुलेको दिनको कार्यालय समयभित्र।

**दरखास्त फारामः** कलैया उपमहानगरपालिकाको वेवसाईटबाट लिन सकिनेछ।

सम्पर्क मोबाईल नं. - ९८५५०४५९७७

प्रस्ताव नं. ६ दायित्व भूक्तानी सम्बन्धमा।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कलैया उपसहानगरपालिका को विगत आ.व. हरुमा संचालित तपसिलका योजनाहरु सोहि आ.व. मा प्राविधिक कार्यसम्पादन मूल्याङ्कन भईसकेको तर भुक्तानीका लागि आवश्यक पर्ने केहि प्रकृयागत विषयहरु चालु आ.व. २०८२/८३ मा पुरा गरी भूक्तानीको लागि पेश भएकोमा सो योजनाहरुको दायित्व भुक्तानीको लागि पेश भएको सो योजनाहरुको दायित्व स्रोतको उपलब्धताको आधारमा क्रमशः भुक्तानी गर्ने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम | वडा नं. | आ.व. | ईस्टिमेटट रकम | दायित्व रकम | उपभोक्ता समिति/फर्म |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी बोरिङ्ग जडान कार्य (वडा स्तरीय) | 20 | 2081/082 | 1334917.69 | 356039.9 | खानेपानी बोरिङ्ग जडान उ.स. |
| २ | कल्भर्ट मर्मत कार्य (वडा स्तरीय) | 20 | 2081/082 | 481396.19 | 192499.77 | कल्भर्ट मर्मत उ.स. |

प्रमाणित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | श्री ने.रा.आ.वि. बर्वाको अधुरो विधालय भवन निर्माण कार्य (वडा स्तरीय) | 27 | 2081/082 | 899884.21 | 65723 | अनमोल कन्स्ट्रक्सन |
| ४ | वडा कार्यालय भवन निर्माण | 8 | 2081/082 | 979834.64 | 770316.03 | सुदामा बिल्डर्स, कलैया-08 |
| ५ | रामजानकी टोल सडक ढलान | 4 | 2081/082 | 599821.56 | 43676.74 | रामजानकी टोल सडक ढलान उ.स. |
| ६ | वडा कार्यालय भवन निर्माण | 8 | 2080/081 | 4998028.89 | 504816.29 | वडा कार्यालय भवन निर्माण उ.स. |
| ७ | ब्लक तथा सानो नाला निर्माण गर्ने जवाहिर महतोको घर देखि कृष्णको घर सम्म | 6 | 2081/082 | 771901.44 | 302511.92 | सोनु-मोनु कनस्ट्रक्सन |

**प्रस्ताव नं. ७ कलैया उपमहानगरपालिकाको आन्तरिक आय संकलन तथा (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७८ को संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ७.** कलैया उपमहानगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने, पटक-पटक ठेक्का बन्दोबस्त गर्दा हुन जाने प्रशासनिक दायित्व तथा खर्चलाई न्यूनीकरण गर्ने र राजस्व संकलन कार्यलाई थप व्यवस्थित र सुदृढ बनाउने उद्देश्यका साथ उक्त कार्यविधिको परिच्छेद २ दफा ३ को उपदफा (१) मा उल्लेख भएको **"बढीमा ३ वर्षसम्मको लागि"** भन्ने वाक्यांशको सट्टा **"बढीमा ५ वर्षसम्मको लागि"** हुने गरी संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । संशोधित कार्यविधि बमोजिम अब उप्रान्त आन्तरिक आय संकलन तथा ठेक्का बन्दोबस्त सम्बन्धि प्रक्रिया अगाडि बढाउन र यस निर्णयलाई नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८ नदिजन्य निर्माण सामग्रीको विक्री गर्ने सम्बन्धमा।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कलैया उपमहानगरपालिकाको क्षेत्र भित्र पर्ने ( भोडाहा र खमवा टोल) मा रहेको नदिजन्य पदार्थहरुको ठेक्का बन्दोवस्त गर्न सम्भाव्यता अध्ययन, तथा वातावरणीय प्रभाव अध्ययन लगायत आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ९आयं ठेक्काको सूचना रद्द गरि पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कार्यालयको राजस्व शाखाको मिति २०८३/०३/०५ गतेको टिप्पणी-आदेशानुसार यस कलैया उपमहानगरपालिकाको वडा नं. १ को हाट बजार र वडा नं. ६ को खसी बजार ठेक्का लगाउने सूचनाको प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन हुन नसकेकोले सो ठेक्काको सूचना रद्द गरी अर्को सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रमाणित